सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np

SAMARPAN

समर्पण

ए.पी.एफ. मासिक

वर्ष ३ | अङ्क ७ | पूर्णाङ्क ३१ | पृष्ठ ८ | वैशाख २०८२



# सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा सशस्त्र प्रहरी सहायक निरीक्षक छत्याललाई झण्डा हस्तान्तरण



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न जान लागेका सशस्त्र प्रहरी सहायक निरीक्षक दन्तबहादुर छत्याललाई 'सगरमाथा सम्वाद'को झण्डा हस्तान्तरण गर्नुभएको छ ।

प्रधानमन्त्री कार्यालय सिंहदरबार काठमाडौंमा वैशाख १४ गते सम्माननीय प्रधानमन्त्री ओलीले झण्डा हस्तान्तरण गर्नुका साथै सगरमाथा सफल आरोहणको शुभकामनासहित हार्दिक बिदाइ गर्नुभएको हो ।

'तराई पहाड हिमाल, सीमा सुरक्षामा सशस्त्र प्रहरी बल नेपाल' भन्ने सन्देशसहित सगरमाथा आरोहणमा जान लागेका सहायक निरीक्षक छत्याल नं. १९ बगलामुखी विशेष कार्यदल गण हल्चोकमा कार्यरत छन् । कार्यक्रममा मुख्यसचिव एकनारायण अर्याल तथा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको समेत उपस्थिति रहेको थियो ।

यसअघि सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रधान कार्यालय हल्चोक स्वयम्भुमा सहायक निरीक्षक छत्याललाई सोही दिन सशस्त्र प्रहरी बल नेपालको झण्डा हस्तान्तरण गरी हार्दिक बिदाइ गर्नुभएको थियो । उनी सगरमाथा आरोहणको लागि वैशाख १५ गते त्यसतर्फ प्रस्थान गरेका छन् ।

# धादिङको तिप्लिङमा बीओपी स्थापना



धादिङ जिल्लाको रुवीभ्याली गाउँपालिका-१ तिप्लिङमा बोर्डर आउट पोष्ट (बीओपी) स्थापना भएको छ । माननीय गृहमन्त्री रमेश लेखक र माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले वैशाख १९ गते उक्त बीओपीको संयुक्त रुपमा उद्घाटन गर्नुभएको हो ।

धादिङ सदरमुकामबाट ७०-७५ किलोमिटर टाढा र २२ सय मिटर उचाइमा रहेको बीओपी हाललाई सोही गाउँपालिकाले उपलब्ध गराएको भाडाको घरमा बसेको छ ।

कार्यक्रममा प्रतिनिधि सभा सदस्य माननीय टेकबहादुर गुरुङ, गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, रुवीभ्याली गाउँपालिकाका अध्यक्ष रामसिंह तामाङ, प्रमुख जिल्ला अधिकारी सुमन घिमिरे, प्रहरी उपरीक्षक दीपेन्द्र शाही, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक नरेन्द्रराज गिरीलगायत वडाध्यक्ष तथा स्थानीय बासिन्दाहरूको उपस्थिति रहेको थियो ।

यसअघि उत्तरतर्फ दार्चुलाको तिंकर, हुम्लाको हिल्सा, मुस्ताङको नेचुङ, गोरखाको साम्दो, रसुवाको टिमुरे, सिन्धुपाल्चोकको तातोपानी र गुम्बा, दोलखाको लामाबगर, संखुवासभाको किमाथाङ्का, ताप्लेजुङको ओलाङ्चुङ्गोलामा बीओपी स्थापना भइसकेको छ । योसँगै छिमेकी मुलुक चीनतर्फको सिमानातर्फ ११ र छिमेकी मुलुक भारततर्फको सिमानामा २ सय ४४ गरी बीओपी संख्या २ सय ५५ पुगेको छ ।

# उच्च भूभाग खोज तथा उद्धार तालिम



माननीय गृहमन्त्री रमेश लेखकको प्रमुख आतिथ्यमा वैशाख १९ गते पर्वतीय उद्धार तालिम शिक्षालय मनाङमा सञ्चालित सि.सं. १ उच्च भूभाग खोज तथा उद्धार तालिम सम्पन्न भएको छ ।

माननीय गृहमन्त्री रमेश लेखकले तालिममा सर्वप्रथम भएका प्रशिक्षार्थी सशस्त्र प्रहरी निरीक्षक मदन गोलेलाई पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुका साथै सफलतापूर्वक तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

माननीय गृहमन्त्री रमेश लेखकले तालिम सफलतापूर्वक सम्पन्न गरेका प्रशिक्षार्थीहरूलाई हार्दिक धन्यवाद दिनुहुँदै यस प्रकारको तालिमले विपद् प्रतिकार्य तथा उद्धारमा खटिँदा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहयोग पुग्ने बताउनुभयो ।

उहाँले सशस्त्र प्रहरी बल नेपालले राष्ट्र र नागरिकले भरोसा गर्न सक्ने योग्य संगठनको रूपमा परिचित गराउन सफल भएको उल्लेख गर्नुहुँदै अन्तर्राष्ट्रिय सीमानाको रक्षा गर्नेदेखि आपद् विपतमा परेका नागरिकहरूको जीउ धनको सुरक्षामा सशस्त्र प्रहरी बल नेपालले दिएको योगदान र देखाएको तत्परता प्रशंसायोग्य रहेको बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नेपाल सरकारबाट प्राप्त जिम्मेवारीहरूलाई Border Security, Internal Security, Revenue Support र Disaster Management (BIRD)को अवधारणा अन्तर्गत विशिष्टिकृत र प्राथमिकताका साथ कार्यसम्पादन गर्दै आइरहेको बताउनुहुँदै उच्च पहाडी स्थानदेखि हिमाली भेगसम्म हुने आकस्मिक घटनाहरूको उद्धारमा प्रभावकारी ढंगले कार्य गर्दै आइरहेको बताउनुभयो ।

२०८१ साल चैत ३ गतेबाट सञ्चालन भएको तालिम ४५ जना प्रशिक्षार्थीहरुले सफलतापूर्वक सम्पन्न गरेका छन् ।




# सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट आरोही जंगमको सम्मान

६ हजार १ सय मिटर उचाइको लोबुचे हिमालको सफल आरोहण गरेका सशस्त्र प्रहरी जवान विजय जंगमलाई सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सम्मान गर्नुभएको छ । वैशाख २१ गते प्रधान कार्यालयमा सशस्त्र प्रहरी



महानिरीक्षक अर्यालले जवान जंगमलाई सम्मान तथा बधाइ दिनुहुँदै सशस्त्र प्रहरी बल नेपालले उच्च हिमाली भेगहरूमा खोज तथा उद्धार गर्न सक्ने जनशक्तिको विकासमा तथा उत्तरी सीमानामा सशस्त्र प्रहरी बलको परिचालनमा जोड दिँदै आइरहेको र मनाङ जिल्लामा रहेको पर्वतीय उद्धार तालिम शिक्षालयमा समेत हिमाली खोज तथा उद्धार गर्न सक्ने जनशक्ति उत्पादनको लागि तालिम सञ्चालन गरिरहेको बताउनुभयो ।

सशस्त्र प्रहरी जवान जंगमले वैशाख १४ गते बिहान ७ बजेर १२ मिनेटको समयमा लोबुचे हिमालको शिखरमा सशस्त्र प्रहरी बल नेपालको झण्डा फहराएका थिए ।

उनी लोबुचे हिमाल आरोहणका लागि यही वैशाख २ गते त्यसतर्फ प्रस्थान गरेका थिए । योसँगै जंगम सशस्त्र प्रहरी बल नेपालमा हिमाल आरोहण गर्ने दोस्रो व्यक्ति भएका छन् ।

यसअघि सशस्त्र प्रहरी निरीक्षक सुरज पौडेलले २०८१ जेठ ७ गते सगरमाथा आरोहण गरेका थिए ।

## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुर्‍याउने,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्ने वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहर्‍याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६२ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्ने ।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने ।

# सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको कार्यकालमा भएको कार्य प्रगति विवरण

२०७९ वैशाख १८ गते सशस्त्र प्रहरी महानिरीक्षकमा राजु अर्याल नियुक्ति हुनुभएको थियो । ३ बर्षको कार्यकाल २०८२ वैशाखसम्म महानिरीक्षक अर्यालको कार्यकालमा भएका नीतिगत कार्य, हालसम्म जारी भएका कार्यविधि, निर्देशिका मापदण्ड, स्थायी आदेश, प्रतिवेदन, कार्य योजना, अवधारणा पत्र, विधानहरु गरी सय वटा निर्णय भएको छ । यसैगरी उहाँको कार्यकालमा सम्पन्न भइसकेका, प्रकृयामा रहेका र योजनामा रहेका कार्यहरुको विवरण तल उल्लेख गरिएको छ ।

**प्रशासनिक कार्यहरुतर्फ-**

१. बर्ष अधिकृत (जुनियर अधिकृत र सिनियर अधिकृत) घोषणाको लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।
२. १७ आश्रित गुल्मलाई अनाश्रित बनाउने प्रकृयामा ।
३. मातहतलाई सपोर्ट गर्नको लागि मद्दती तथा सेवा गुल्ममा आवश्यक जनशक्ति तथा श्रोतसाधन उपलब्ध गराउने ।
४. सशस्त्र प्रहरी कर्मचारीहरुको वृत्तिविकास योजना निर्माण गरी नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने O&M पश्चात ७१५८ जनाको पदोन्नती भएको ।
५. पुरस्कार तथा सम्मान कार्यविधि बनाई २२औं सशस्त्र प्रहरी दिवसदेखि पुरस्कार बितरण गरिएको ।
६. सशस्त्र प्रहरी कर्मचारीहरुको पदस्थापना, सरुवा तथा काज सरुवा सम्बन्धि कार्यविधि निर्माण गरिएको ।
७. युनिटहरुको स्थापना दिवस मनाउने कार्यविधि निर्माण गरी हाल स्थायी युनिटहरुले कार्यालय स्थापना भएको दिनमा युनिट दिवस मनाउँदै आईरहेको ।
८. O&M पश्चात प्रधान कार्यालय मद्दती तथा सेवा निर्देशनालय अन्तर्गत रहने गरी हातहतियार तथा यान्त्रिक कार्यशाला (आर्मोरर शाखा) को पुर्नस्थापना भएको ।
९. कमाण्डको लागि पूर्वानुमान सूचि प्रकाशन गरी सशस्त्र प्रहरी निरीक्षकदेखि सशस्त्र प्रहरी उपरीक्षकसम्म कमाण्डमा खटाउने गरिएको ।
१०. अधिकृतहरुका लागि व्यावसायिक ज्ञान परिक्षा मासिक रुपमा प्रधान कार्यालय तथा वाहिनी मुख्यालयहरुमा निरन्तर लिने गरिएको । Instructor, Staff र Command(ISC) Concept नीति बमोजिम सरुवा गर्ने गरिएको ।
११. केन्द्रिय निरीक्षण निर्देशिका संशोधन गरी वि.सं.२०८१ सालको निरीक्षण सोही बमोजिम गरिएको ।
१२. सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा software बनाई Unit Progress reporting system मार्फत दैनिक रुपमा अनुगमन तथा मासिक र त्रैमासिक रुपमा मूल्याङ्कन गर्ने गरिएको ।
१३. उत्कृष्ट कार्य गर्ने सप्रकहरुलाई Ig apf Commendation २२औं सशस्त्र प्रहरी दिवसदेखि कार्यविधि अनुसार ५६२ जनालाई प्रदान गरिएको ।
१४. दर्ज्यानी चिन्ह सुशोभन सम्बन्धी स्थायी आदेश परिमार्जन गरी हाल कार्यान्वयनमा रहेको ।
१५. परिचरहरुको श्रेणी छुट्टिने चिन्हको प्रयोग ब्यवस्था ।
१६. सशस्त्र प्रहरी बल नेपालका स्कुलहरुको केन्द्रिय सुपरीवेक्षणको लागि सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकलाई जिम्मेवारी दिइएको छ ।
१७. समारोह तथा आन्तरिक ब्यवस्थापन शाखा स्थापना गरी कार्य संचालन ।
१८. अवकास गएका तथा राजीनामा स्वीकृत गराई उपदानमा गएका पूर्व सशस्त्र प्रहरी कर्मचारी एवं वीरगतिप्राप्त सशस्त्र प्रहरी कर्मचारीका परिवारलाई परिचयपत्र उपलब्ध गराउने (हालसम्म बिरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारीको १११ आश्रित परिवारलाई परिचय-पत्र बितरण गरिएको र अवकास तथा राजिनामा गएका १६२६ जनालाई परिचय-पत्र बितरण गरिएको) ।
१९. प्रत्येक सशस्त्र प्रहरी कर्मचारीको गोप्य प्रतिवेदन फारम (CR) भर्ने व्यवस्था (समय-समयमा भएनभएको फलोअप गर्ने गरिएको) ।
२०. सशस्त्र प्रहरी कर्मचारीहरुको लागि Ethical and Professional Code of Conduct तयार गरी लागु गरिएको ।
२१. सबै ईकाइको आदर्श वाक्य निर्माण गरिएको ।
२२. सम्पूर्ण ईकाईहरुको निरीक्षण तथा मुल्याङ्कन गरी युनिट ग्रेडिङ्ग केन्द्रिय निरीक्षण पश्चात् निकाल्ने गरिएको ।
२३. २३औं सशस्त्र प्रहरी दिवसबाट Best Integrity Award बाट प्रत्येक बर्ष १ जना सशस्त्र प्रहरी कर्मचारीलाई पुरस्कृत गर्न सुरुवात गरिएको ।
२४. युनिट/युनिट सरुवा नीति अनुसार १२ वटा गुल्महरुको परस्पर सरुवा गरिएको ।
२५. कर्मचारीहरुको वृत्तिविकास योजना निर्माण गर्ने पहिलो चरणको प्रस्तुतिकरण भएको ।
२६. भर्ना छनौट कार्यमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरुलाई अनुशिक्षण तालिम प्रदान गरी भर्ना छनौट कार्यमा खटाउने गरिएको ।
२७. धनुषामा रेल्वे सुरक्षा बेश स्थापना भएको र गुल्म स्थापना गर्ने प्रकृयामा रहेको ।
२८. बरिष्ठ अधिकृत सम्मेलनको आयोजना गर्ने २०७९ सालदेखि निरन्तर भईरहेको ।
२९. सम्पूर्ण युनिटहरु तथा कर्मचारीहरुबाट हुने आर्थिक अनियमितता सम्बन्धी अनुगमन, नियन्त्रण तथा कारवाही सिफारिस गर्न सप्रमनिको सचिवालय प्रधान कार्यालयमा Disciplinary Tracking and Action Unit को स्थापना गरी गण तथा गुल्म तहको अनुगमन भईरहेको ।
३०. सशस्त्र प्रहरी बलमा हुने विभिन्न खाले सलामीहरु सम्बन्धमा मापदण्ड तयार गरी एकरुपता कायम गरिएको ।
३१. सशस्त्र प्रहरी कर्मचारीहरुले कुटनैतिक नियोग तथा विभिन्न नेतृत्वसँग भेटघाटको क्रममा पालना गर्नुपर्ने आचरण सम्बन्धी स्थायी आदेश जारी भई हाल कार्यान्वयनमा रहेको ।
३२. १२ बर्ष र २५ बर्ष सेवा अवधि पुगेका सप्रकहरुलाई राष्ट्रसेवा पदक उपलब्ध गराउन गृह मन्त्रालयबाट स्वीकृति लिई लगाउने कार्य भईरहेको ।
३३. संगठनको छवि उच्च राख्ने सशस्त्र प्रहरी कर्मचारीहरुको पदोन्नती भईरहेको (हालसम्म ३५ जना लाई पदोन्नती गरिएको, साथै ५ जना द्वन्द्वकालिन घटनाका अशक्त सशस्त्र प्रहरी कर्मचारीलाई बढुवा गरिएको)
३४. लामो समयसम्म एउटै प्रदेशमा कार्यरत र अन्यत्र प्रदेशमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई घरपायक प्रदेशमा सरुवाको लागि व्यवस्था मिलाउने तथा हाल पुन पायक पर्ने दरवन्दीको सम्बन्धित कर्मचारीसँग माग गरी कार्यान्वयनमा लगिएको ।
३५. BMI फिट नहुने सशस्त्र प्रहरी कर्मचारीलाई पदोन्नती भएपनि दर्ज्यानी चिन्ह नलगाउने परिपत्र भई कार्यान्वयनको क्रममा रहेको ।
३६. सशस्त्र प्रहरी कर्मचारीहरु लक्षित कानुन महाशाखा अन्तर्गत कानुनी सहायता कक्ष स्थापना भई कार्यान्वयनमा रहेको र हाल सम्म १३८ जना सप्रकहरुले परामर्श लिएको ।
३७. सशस्त्र प्रहरी बल नेपालको ऐन/नियम संशोधनको कार्य मस्यौदा तयार गरी हाल संघिय संसदमा पेश रहेको ।
३८. संघिय ऐनहरुमा सशस्त्र प्रहरी बल, नेपालको भूमिका सम्बन्धमा संसोधनको लागि लेखापढी गरिएको ।
३९. BMI को लागि कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउन नियमावलीमा सम्बोधन गर्ने तयारीमा रहेको ।

**कार्यतर्फ-**

१. Social Media monitoring Desk स्थापना (प्रवक्ता कार्यालयमा स्थापना गरी हालसम्म १५७ जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई बिभिन्न किसिमको विभागीय कारवाही गरिएको साथै १२ जना कारवाहीको लागि लेखापढी गरिएको) ।
२. सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्लाटुन फर्मेशनमा विभाजन गरी समय-समयमा सामेलीको व्यवस्था ।
३. विष्फोटक पदार्थको भण्डारण सम्बन्धमा अध्ययन गरी ३ स्थानमा बंकर निर्माण सम्पन्न भएको ।
४. प्रति आतंकवाद ईकाई गठन गर्ने (हाल अन्तर्राष्ट्रिय आतङ्कवादको घटनाहरुको मुल्याङ्कन गर्ने, स.प्र.बल, नेपालमा तालिमको लागि, सिलेबस बनाउने र AGP/TF अन्तर्गतको कार्यहरु गर्ने गरेको) ।
५. Professional Activities Cycle–PAC संचालन (६ वटा शिर्षकहरु पेशागत ज्ञान अभिवृद्धि, जिन्सी सामग्री व्यवस्थापन, कला तथा संस्कृति प्रवर्द्धन, फिल्ड फोर्टिफिकेसन, व्यावसायिक कौशल अभ्यास, खेलकुद महिना गरी प्रत्येक २ महिनामा PAC अन्तर्गतको कार्यहरु संचालन भईरहेको ।
६. Railway, Tunnel tyf Boat/Ship/Cruise हरुको सुरक्षार्थ कस्तो तयारी गर्ने भन्ने सम्बन्धमा अध्ययन गर्ने ।
७. ७.६२ मिमिका हतियारलाई प्रतिस्थापनको व्यवस्था मिलाउने ।
८. पृथ्वी राजमार्गमा सेमुलेसन Exercise गर्ने ।

**एकेडेमी, स्टाफ कलेज तथा तालिमतर्फ-**

१. सीमा सुरक्षा सम्बन्धि विषयहरु समेटेर विपद् अनुशिक्षण तालिमसँगै संचालनमा ।
२. सशस्त्र प्रहरी बल नेपालमा रणनैतिक व्यवस्थापन (Strategic Management) तालिम संचालन गर्ने ।
३. प्राविधिक, कानून तथा लेखा समूहका कर्मचारीहरुले गर्नुपर्ने आवश्यक तालिमहरु एकिन गर्ने ।
४. बिपद् उद्धारको सामानहरु मर्मतको लागि तालिम संचालन गर्ने ।
५. सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरुलाई प्रवक्ता तालिम संचालन गर्ने ।
६. कैलाली र सप्तरीमा विपद व्यवस्थापन तालिम केन्द्र स्थापना गर्ने ।
७. सशस्त्र प्रहरी बल नेपालमा संचालन हुने सम्पूर्ण तालिमहरुको तालिम पाठ्यक्रम परिमार्जनको लागि समिति गठन गरी ८७ वटा पाठ्यक्रम संशोधन गरिएको ।
८. सशस्त्र प्रहरी बल नेपालमा अपराध अनुसन्धान तालिम संचालन गर्ने (१ जना सशस्त्र प्रहरी निरीक्षकले नेपाल प्रहरीमा अपराध अनुसन्धान तालिम सम्पन्न गरेको) ।
९. नेपाली सेनाको समन्वयमा प्रतिविद्रोह र आतंकवाद नियन्त्रण तालिम संचालन (हाल सशस्त्र प्रहरी बलमा तालिम शिक्षालय पोखरा र तालिम शिक्षालय सप्तरीमा तालिम संचालन गरी २४६ जनाले तालिम प्राप्त गरेको र वैशाख १५ गतेबाट ७० जनाको तालिम संचालन भएको) ।
१०. आगामी आ.व.मा STF र DM तालिमको संख्या बृद्धि गर्ने योजना रहेको (यो बर्ष १०० जनाले STF र १०४० ले DM तालिम सम्पन्न गरेको) ।
११. High Altitude तालिमको शुरुवातसँगै रोप रेस्क्यु तालिम संचालन भएको (हालसम्म ३० जनाले तालिम गरिसकेको र ४५ जनाले हाई अल्टिच्युट तालिम शिक्षालय मनाङमा तालिम गर्दै गरेको) ।
१२. नेपाल प्रहरी र नेपाली सेनासँग तालिम Exchange गर्ने कार्य भईरहेको ।
१३. CTEVT बाट मान्यता प्राप्त शिक्षण संस्थाहरुमा एक सिपाही एक सीप तालिम संचालन गर्ने कार्यविधि अनुसार तालिम संचालन भईरहेको । (५६३ जना सशस्त्र प्रहरी कर्मचारीहरुले तालिम प्राप्त गरिसकेको र ३२५ जनाले तालिम गरिरहेको) ।
१४. Post Graduate Diploma in Security and Disaster Management Studies–PGDSDMS तालिम संचालन (हालसम्म ३४ जना अधिकृतहरुले सम्पन्न गरेको र ४० ले गर्दै गरेको) ।
१५. २० बर्ष सेवा अवधि पुरा गरेका सशस्त्र प्रहरी परिचरदेखि सशस्त्र प्रहरी नायव निरीक्षकसम्मका सम्पूर्ण सप्रकहरुलाई क्रमश: हलुका सवारी चालक तालिम गराई दक्ष बनाउन २०८१ साल चैत्र १७ गतेबाट ३५ जनाको लागि तालिम संचालन भईरहेको ।
१६. ६ वटा तालिम शिक्षालयहरुको स्तरोन्नती गर्ने ।
१७. पोखरामा Fire Fighting Training School स्थापना गर्न स्वीकृतिको लागि सम्बन्धित मन्त्रालयमा पत्राचार गरिएको ।
१८. कमाण्ड तथा स्टाफ कलेजको विधान निर्माण ।
१९. कमाण्ड तथा स्टाफ कलेजको प्रशिक्षार्थी छनौट कार्यविधि संशोधन ।

**सीमा सुरक्षातर्फ-**

१. Digital Border Concept को कार्यान्वयन ।
२. सीमा ईलाकामा बसोवास गर्ने स्थानिय वासिन्दाहरुलाई सशस्त्र प्रहरी बल, नेपालमा हुने भर्ना छनौट सम्बन्धी अनुशिक्षण कक्षाहरु संचालन ।
३. २०७९ साल भाद्र २७ गते ८५ जनाको दरवन्दी कायम हुने गरी सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक प्रमुख रहने गरि सीमा सुरक्षा विभागको स्थापना ।
४. नापी विभागबाट स्ट्रिप नक्सा ल्याउने र प्रयोग (मन्त्रिपरिषद्को २०७९/०३/२४ गतेको निर्णयले नेपाल भारत सीमाको १८२ थान नक्सा नापि बिभागबाट ल्याएको ।
५. Border Resource and Research Center को स्थापना ।
६. यस आ.व.मा ४९८ गरी पहिला २१३७ हालसम्म गरी २७५३ वटा सीमास्तम्भको मर्मतसंभार तथा रंगरोगन सम्पन्न ।
७. हिमाली गोर्खाको साम्दो र दार्चुलाको तिंकरमा BOP स्थापना ।
८. सिमावर्ती जिल्लामा सूचना संयन्त्र मजबुत बनाउनको लागि हाल ईन्टेलिजेन्स ब्युरो मार्फत ईन्ट अफिसर परिचालन गरिएको ।
९. सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत २०८० सालदेखि हालसम्म १२९३ कार्यक्रम भएको ।
१०. सीमा सुरक्षा तथा सीमावर्ती राजश्व चुहावट नियन्त्रण गोष्ठी संचालन गर्ने ।
११. २०८० साल माघबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा ५८ जना त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा रहेको भन्सार सुरक्षार्थ टोलि परिचालन गरिएको ।
१२. २४ औं सशस्त्र प्रहरी दिवसको उपलक्ष्यमा लागुऔषध सम्वन्धि बिभिन्न कार्यक्रमहरु गरिएको लागुऔषध सीमा सुरक्षा र युवा Theme मा सचेतनामुलको कार्यक्रम गरिएको ।
१३. सीमा सुरक्षा सहजीकरण समितिको कार्यविधि, २०७९ (मन्त्रालयमा बिचाराधिन रहेको वडा अध्यक्षको संयोजत्वमा सीमा सहजिकरण समिति) हालसम्म ५०० वटा समिति गठन ।
१४. थप बि.ओ.पी.हरु स्थापना गर्ने (२६ स्थानमा थप गरि बि.ओ.पी. संख्या २५४ पुऱ्याईएको र अन्य स्थानमा बिओपि स्थापनाको लागि प्रक्रियामा) ।
१५. चेन अफ कमाण्ड मजबुत बनाउनको लागि प्रस्तावित सीमा सुरक्षा गुल्महरुको स्थापना भएको (४५ वटा बि.ओ.पी. मा सशस्त्र प्रहरी नायव उपरीक्षक खटाईएको) ।
१६. सीमा ईलाकामा बि.ओ.पि. प्रमुखको अगुवाईमा सीमावासीसँग अन्तरक्रिया कार्यक्रम संचालन ।
१७. Border Area Development Program लागु गर्ने अवधारणा तयार गर्ने कार्य ।
१८. भारतीय सशस्त्र सीमा बलसँग संयुक्त अभ्यास संचालन ।
१९. Quick impact project मार्फत सार्वजनिक निर्माण (४९५ स्थानमा बिभिन्न कार्यहरु गरेको) ।
२०. सीमावासी लक्षित कल्याणकारी कार्यहरु (शैक्षिक वृत्ति कार्यक्रम, सीपमूलक तालिम तथा स्वास्थ्य शिविर संचालन, सीमा इलाकामा बसोबास गर्ने नागरिकका सन्ततीलाई बार्षिक १५ जनालाई १२ हजार बराबरको छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम) ।

बाँकी अर्को अंकमा......

## कमाण्डमा जान लागेका डिआइजी र एसएसपीलाई सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको निर्देशन



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले कमाण्डमा जान लागेका बाहिनीपति तथा तालिम शिक्षालयका समादेशकहरुलाई तत्काल परिणाममुखि काम गर्न निर्देशन दिनुभएको छ ।

हालै बाहिनीपति र समादेशकको जिम्मेवारी पाएका सशस्त्र प्रहरी नायब महानिरीक्षक र सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरुलाई प्रधान कार्यालयमा वैशाख १५ गते आयोजित निर्देशन सम्बोधन कार्यक्रममा सीमा सुरक्षामा शून्य गल्तीमा काम गर्न र राजश्व संकलनका लागि २४ घण्टा सकृय रहन र लोभलालचमा नफसी संगठनको नीतिनियम अनुसार मेरो संगठन हो भनेर काम गर्न निर्देशन दिनुभयो ।

उच्च मनोबलका साथ देखिने गरी र महसुस हुने गरी कार्य गर्न तथा आफुले गरेका कामको प्रगति प्रत्येक महिना मुख्यालय पठाउन उहाँले निर्देशन दिनुभयो । महानिरीक्षक अर्यालले बाहिनीदेखि गण, गुल्मसम्मका स्थायी कार्यालयहरुको प्रत्येक ३/३ महिनामा कमाण्डको पुनरावलोकन तथा पुनःमूल्यांकन गरिने र त्यसमा कमजोर देखिए कमाण्ड हेरफेर तथा फिर्तासम्म गरिने बताउनुहुँदै उहाँले समुदाय लक्षित विपद् स्वयंसेवक तालिम अझ प्रभावकारी रुपमा तत्काल संचालन गर्न, नयाँ कल्याणकारी योजना ल्याउन र पुराना कल्याणकारी कार्यलाई निरन्तरता दिन तथा १ महिनाभित्र सबै कमाण्डरले आफ्नो कार्ययोजना मुख्यालयमा पठाउनसमेत निर्देशन दिनुभयो ।

सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अझ प्रभावकारी बनाउँदै लैजान तथा समुदायमा विपद् रोकथामको लागि सबै सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै कार्य गर्न निर्देशन दिनुभयो ।

## मिशन टोलीको बिदाई तथा स्वागत



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ युनाइटेड नेसन्स मिसन इन साउथ सुडानमा नेपाल फर्म्ड पुलिस युनिट (एफपीयू) को रुपमा कार्य गर्न जान लागेको १२औं डफ्फाको वैशाख २१ गते प्रधान कार्यालयमा हार्दिक बिदाइ गर्नुभएको छ ।

महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी कर्मचारीहरु संयुक्त राष्ट्रसंघीय मिसनमा संगठन र राज्यको प्रतिनिधित्व गर्दै परिचालन हुने हुँदा विभिन्न देशका सुरक्षाकर्मीहरुसँग आपसी समन्वय तथा सहकार्य गरी कुशलतापूर्वक कार्यसम्पादन गर्न निर्देशन दिनुभयो । सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक जहरसिंह बुढासहित १ सय ८० जना सशस्त्र



प्रहरी कर्मचारीहरु वैशाख २३ गते त्यसतर्फ प्रस्थान गरेका छन् । यसैगरी कार्यकाल पुरा गरी स्वदेश फर्किएको ११औं डफ्फालाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालले वैशाख २५ गते सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक स्वयम्भुमा स्वागत गर्नुभएको थियो ।

उहाँले विनाशलाई विकास र संघर्षलाई शान्तिमा बदल्ने ठूलो जिम्मेवारी बोकेर द्वन्द्वग्रस्त मुलुकमा जान लागेका सशस्त्र प्रहरी कर्मचारीहरुले अनुशासित एवं सामूहिक भावनाका साथ राष्ट्र र संगठनको नाम उच्च रहने गरी उत्कृष्ट ढंगले जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनुभयो ।

## सशस्त्र प्रहरी बलको झण्डासहित पूर्व सशस्त्र प्रहरी हवल्दार अक्कलबहादुर बोहोरा सगरमाथा आरोहणमा



पूर्व सशस्त्र प्रहरी हवल्दार अक्कलबहादुर बोहोराले वैशाख १५ गते ६ हजार ४ सय ७६ मिटर अग्लो मिरापिक हिमालको सफल आरोहण गरेका छन् । सगरमाथा आरोहणका क्रममा उनले मिरापिक हिमालको चुचुरोमा सशस्त्र प्रहरी बल, नेपालको झन्डा फहराएका थिए ।

बोहोरा गत चैत २८ गते संगठको झन्डा लिई विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि त्यसतर्फ प्रस्थान गरेका थिए ।

## सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमको बिदाई



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले वैशाख २ गते प्रधान कार्यालय हल्चोक स्वयम्भुमा अनिवार्य अवकाश जान लाग्नुभएका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमलाई हार्दिक बिदाइ गर्नुभएको छ । साथै सोही अवसरमा सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालले सो संघकी उपाध्यक्ष श्रीमती मुना शर्मा गौतमलाई समेत हार्दिक बिदाइ गर्नुभएको थियो ।

## एपीएफ कमाण्ड तथा स्टाफ कोर्ष समापन तथा उद्घाटन



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले वैशाख ७ गते एपीएफ कमाण्ड तथा स्टाफ कलेज कठमाडौंमा सञ्चालन भएको नवौं एपीएफ कमाण्ड तथा स्टाफ कोर्ष समापन र दशौं एपीएफ कमाण्ड तथा स्टाफ कोर्ष उद्घाटन गर्नुभएको छ ।

महानिरीक्षक अर्यालले कमाण्ड तथा स्टाफ कोर्षले संगठनमा आबद्ध अधिकृतहरुको व्यावसायिक क्षमता, दक्षता अभिवृद्धि हुनुका साथै नविनतम सुरक्षा चुनौतीहरुको सामना गर्न योग्य कमाण्डर निर्माणमा समेत महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

## नेपाली सेनाका अधिकृतहरुबाट प्रधान कार्यालयको भ्रमण




नेपाली सैनिक वार कलेज नगरकोटमा सञ्चालित सि.सं. १३ हायर कमाण्ड तथा म्यानेजमेन्टमा तालिमरत ३५ जना नेपाली सेनाका अधिकृतहरुले वैशाख १९ गते प्रधान कार्यालय हल्चोकको अवलोकन भ्रमण गर्नुभएको छ ।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालले प्रशिक्षार्थी अधिकृतहरुले सशस्त्र प्रहरी बल नेपालसम्बन्धी राखेका विविध जिज्ञासाहरुको बारेमा प्रस्ट पार्नुभएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदीले सशस्त्र प्रहरी बल, नेपालको काम, कर्तव्य र जिम्मेवारीलगायतका विविध विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

अवलोकन भ्रमणमा प्रशिक्षार्थी अधिकृतहरुले प्रधान कार्यालयस्थित संग्रहालय र विपद् व्यवस्थापनमा प्रयोग हुने सामाग्रीहरु र केन्द्रीय आदेश कक्षको अवलोकनसमेत गर्नुभएको थियो । अवलोकन भ्रमणमा नेपाली सेनाका ३५ जना प्रशिक्षार्थी तथा ६ जना प्रशिक्षक अधिकृतहरुको सहभागिता रहेको थियो ।



फिलिपिन्समा May 23 देखि 31 तारिकसम्म आयोजना हुने Man of the World-2025 मा नेपालको तर्फबाट सहभागि हुन जान लागेका नेपाल एपीएफ स्कूलका पूर्व विद्यार्थी आयुष दुलाललाई शुभकामनासहित हार्दिक बिदाई गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल ।

# स्थापना दिवस

## यु.एन.शान्ति स्थापना तालिम शिक्षालय ककनी नुवाकोट



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा वैशाख १ गते यु.एन.शान्ति स्थापना तालिम शिक्षालय ककनीको २४औं स्थापना दिवस विविध कार्यक्रमकासाथ सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा महानिरीक्षक अर्यालले शिक्षालयमा कार्यरत रहि वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु र संचालन गरिएको आन्तरिक विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा टिमलाई पुरस्कार प्रदान गर्नुको साथै शिक्षालयलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा महानुभावहरुलाई पुरस्कार तथा प्रशंसापत्रसमेत प्रदान गर्नुभएको थियो ।

## विपद् व्यवस्थापन तालिम शिक्षलय कुरिनटार चितवन



विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारको २१औं स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालको प्रमुख आतिथ्यमा वैशाख १ गते विविध कार्यक्रमकासाथ सम्पन्न भएको छ ।

अतिरिक्त महानिरीक्षक दाहालले बार्षिकोत्सवको अवसरमा संचालन गरिएको विभिन्न खेलकुद प्रतियोगिता, वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, शिक्षालयलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा महानुभावहरुलाई कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो । उहाँले संगठनको प्रतिष्ठा र राष्ट्रको गौरवलाई आत्मसाथ गर्दै अगाडी बढ्नुपर्ने बताउनुहुँदै विपद् व्यवस्थापन तालिम शिक्षालयले विपद्जन्य घटनामा परिचालित भई आम नागरिकको जीउधनको सुरक्षामा पुऱ्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभयो ।

## नं. ८ गण धनुषा



नं. ८ गण धनुषाको १८औं स्थापना दिवस नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौवजीको प्रमुख आतिथ्यतमा वैशाख १० गते सम्पन्न भएको छ ।

नायव महानिरीक्षक धौवजीले स्थापना दिवसको अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताहरुमा विजयी खेलाडीहरु, चैत महिनामा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी एवं वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई समेत पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

## नं. ९ गण महोत्तरी



नं. ९ गण महोत्तरीको १८औं स्थापना दिवस नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौवजीको प्रमुख आतिथ्यमा वैशाख १७ गते सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा सञ्चालित विभिन्न खेलकुद प्रतियोगिताहरुका विजेता सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार वितरण तथा वर्षभरि उत्कृष्ट कार्य गर्ने इकाईलाई तथा गणलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा महानुभावहरुलाई सम्मान, प्रशंसा पत्र तथा कदर पत्र प्रदान गर्नुभयो ।

## बडिमालिका जवान तालिम शिक्षालय वनवेहडा कैलाली

बडिमालिका जवान तालिम शिक्षलय वनवेहडा कैलालीकोको २४औं स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलको आतिथ्यमा वैशाख २४ गते सम्पन्न भएको छ ।

अतिरिक्त महानिरीक्षक पौडेलले स्थापना दिवसको अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताहरुमा बिजयी खेलाडीहरु, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु, स्थानिय निकायका प्रमुखहरु, विभिन्न कार्यालयका प्रमुखहरु, पत्रकारहरु, अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु, अमर सशस्त्र प्रहरी कर्मचारीका परिवारजनहरु, मातहत ईकाईका प्रमुखहरुको उपस्थितीमा रहेको थियो ।



## नं. १० गण सर्लाही

नं. १० गण सर्लाहीको १८औं स्थापना दिवस नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौवजीको प्रमुख आतिथ्यमा वैशाख १९ गते सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, विभिन्न कार्यालयका प्रमुखहरु, अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारी, अमर सशस्त्र प्रहरी कर्मचारीका परिवारजनहरु, मातहत ईकाईहरुका प्रमुखहरुको उपस्थितीमा रहेको थियो ।



## नं. ११ गण रौतहट

नं. ११ गण रौतहटको १८औं स्थापना दिवस नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सूर्यबहादुर सेन ओलीको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ वैशाख १४ गते सम्पन्न भएको छ ।



## नं. १२ गण बारा




नं. १२ गण बाराको १८औं स्थापना दिवस नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौवजीको प्रमुख आतिथ्यमा वैशाख १० गते सम्पन्न भएको छ ।

गणले स्थापना दिवसको अवसर पारेर वैशाख ८ गते किरण आँखा अस्पताल वीरगंजसँगको सहकार्यमा गणको परिसरभित्र नि:शुल्क आँखा शिविर कार्यक्रमसमेत सञ्चालन गरेको थियो । नि:शुल्क आँखा शिविरमा गण तथा मातहत कार्यालयहरुमा कार्यरत ६१ जना सशस्त्र प्रहरी कर्मचारी र १९ जना स्थानीयवासी गरी ८० जनाले सेवा लिएका थिए ।

## नं. १३ गण पर्सा

नं. १३ गण पर्साको १८औं स्थापना दिवस नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौवजीको प्रमुख आतिथ्यमा वैशाख ७ गते सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा सञ्चालित विभिन्न खेलकुद प्रतियोगिताहरुका विजेता सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार वितरण तथा वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रशंसा पत्र तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।



'तपाईं संगठनमा एउटा सामान्य सदस्य मात्र होइन, विशेष हुनुहुन्छ । किनकी हरेक सदस्यसँग संगठन बदल्न सक्ने क्षमता हुन्छ। आफ्नो त्यो क्षमतालाई कार्यक्षेत्रमा लगानी गरी व्यक्तिगत स्वार्थ, आग्रह र पूर्वाग्रहलाई थाँती राख्दै आफ्नो कमाण्डर र नेतृत्वसँग हातेमालो गर्दै संगठन विकासको एउटै लक्ष्यकासाथ अघि बढ्न जरुरी छ'-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

# स्थापना दिवस

## नं. १४ गण मकवानपुर

वैशाख २६ गते नं. ३ गढिमाई बाहिनी मुख्यालय, मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेलको प्रमुख आतिथ्यमा नं.१४ गण मकवानपुरको १५ औं स्थापना दिवस सम्पन्न भएको छ । नायब महानिरीक्षक पोखरेलले स्थापना दिवसको अवसरमा आयोजित बिभिन्न खेलकुद प्रतियोगिताहरुमा बिजयी खेलाडीहरु, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।



## नं. ४१ रिजर्भ गण कपिलवस्तु



नं. ४१ रिजर्भ गण चन्द्रौटा, कपिलवस्तुको १५औं स्थापना दिवस नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदीपकुमार पालको प्रमुख आतिथ्यमा बैशाख १ गते सम्पन्न भएको छ । कार्यक्रममा युनिटलाई सहयोग पुर्‍याउने ४ वटा स्थानीय तहहरुलाई सम्मान पत्र, विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने ३३ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशंसा पत्र र विभिन्न खेलकुद प्रतियोगितामा प्रथम हुने सशस्त्र प्रहरी कर्मचारीहरूलाई मेडल तथा प्रमाणपत्र समेत प्रदान गर्नुभएको थियो ।

## नं. १५ गण काभ्रे



नं. १५ गण काभ्रेको २३औं स्थापना दिवस नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुर का बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेलको प्रमुख आतिथ्यमा बैशाख २४ गते संम्पन्न भएको छ ।

कार्यक्रम नायब महानिरीक्षक पोखरेल विभिन्न विधाका बिजेताहरु तथा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाण पत्र, वीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारीका आश्रीत परिवारहरुलाई सम्मान तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु र गणलाई सहयोग पुर्‍याउने विभिन्न संघसंस्था तथा व्यक्तित्वहरुलाई कदर-पत्र प्रदान गर्नुभएको थियो ।

## नं. ३१ गुल्म पूर्वी नवलपरासी

नं. ३१ गुल्म पूर्वी नवलपरासीको ७औं स्थापना दिवस नं.४ बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुलबहादुर नेम्वाङको प्रमुख आतिथ्यमा चैत ३० गते सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा गैंडाकोट नगरपालिकाका मेयर, उपमेयर, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू, जिल्लास्थित भूपू संघका पदाधिकारी, गैंडाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, डिभिजन वन कार्यालयका प्रमुख, सहिद परिवार, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरू, स्थानीय भद्रभलादमी तथा समाजसेवी व्यक्तिहरूको उपस्थिति रहेको थियो ।



## नं. ३१ गण बर्दिया




नं. ३१ गण बर्दियाको १८औं स्थापना दिवस नं. ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रदीपकुमार पालको प्रमुख आतिथ्यमा वैशाख १७ गते सम्पन्न भएको छ । नायब महानिरीक्षक पालले गणबाट निवृत्तीभरण प्राप्त गर्ने कर्मचारीलाई प्रमाण पत्र, उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई प्रशंसा-पत्र प्रदान गर्नुका साथै गणलाई सहयोग पुर्‍याउनुहुने महानुभावहरूलाई कदरपत्र प्रदान र अमर सशस्त्र प्रहरी कर्मचारीहरूका परिवारजनहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

## नं. ४९ खप्तड गुल्म अछाम



नं.४९ खप्तड गुल्म अछामको १५औं स्थापना दिवस नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपक अधिकारीको प्रमुख आतिथ्यमा वैशाख १५ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशंसा पत्र र विभिन्न खेलकुद प्रतियोगितामा प्रथम हुने सशस्त्र प्रहरी कर्मचारीहरूलाई मेडल तथा प्रमाण पत्र समेत प्रदान गर्नुभयो ।

# स.प्र.बल, नेपाल इकाई परिचय

## नं. ६ गण सप्तरी

नेपाल सरकार मन्त्रिपरिषद्‌को २०६३ साल फागुन ८ गतेको निर्णय बमोजिम २०६४ साल जेठ ६ गतेदेखि सप्तरी जिल्ला साविक ईटहरी बिष्णुपुर गा.वि.स.-८ स्थित रंजितपुरको कोशी कोलोनीमा सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय सप्तरी स्थापना भएको थियो ।

हाल बिष्णुपुर गाँउपालिका-६ गोरगामामा ३ बिघा १२ कट्ठा ११ धुर जग्गा गणको लागि प्राप्त भएपश्चात कार्यालय भवनहरु निर्माण भई कार्य संचालन गर्दै आईरहेको छ । नेपाल सरकार मन्त्री परिषद्‌को २०७५ साल जेठ २७ गतेको निर्णयानुसार सशस्त्र प्रहरी बल, नेपालको सांगठनिक पुर्नसंरचना गर्न संगठन तथा सर्वेक्षण अनुसार सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गण हे.क्वा. सप्तरी रुपान्तरण भएको हो । तत्कालिन समयमा सीमा सुरक्षा कार्यालयको परिसरमा रहि कार्य संचालन गरेकोमा २०७६ साल भाद्र ९ गते बिष्णुपुर गाउँपालिका-६ गोरगामास्थित गणको लागि नव निर्मित भवनमा स्थानान्तरण भएको हो ।



हाल गणको जिम्मेवारी क्षेत्रमा ९ वटा नगरपालिका र ९ वटा गाँउपालिकाहरु रहेका छन् । गण मातहत १ वटा प्रस्तावित सीमा सुरक्षा गुल्म, ८ वटा बीओपी र ६ वटा सुरक्षा बेसहरु तथा २ वटा एफओबी रहेको छ ।



सप्रउ ज्ञानमणि पौडेल
गणपति

### हालसम्मका गणपतिहरु

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | सप्रउ | खेमबहादुर थापा | २०७५/०२/१८ | २०७५/०४/१५ |
| २. | सप्रउ | उद्धवबहादुर न्यौपाने | २०७५/०४/१५ | २०७७/०४/१५ |
| ३. | सप्रउ | राजु श्रेष्ठ | २०७७/०४/१५ | २०७८।१०।०५ |
| ४. | सप्रउ | प्रदिप खड्का | २०७८।१०।०५ | २०७९।०७।१० |
| ५. | सप्रउ | तिर्थराज पौडेल | २०७९।०७।१० | २०८०।०५।२० |
| ६. | सप्रउ | धनबहादुर सिंह | २०८०।०५।२० | २०८१।०४।०२ |
| ७. | सप्रउ | ज्ञानमणि पौडेल | २०८१।०४।०२ | हालसम्म |









## लेख/रचना

### यथार्थ



सशस्त्र प्रहरी निरीक्षक
**होमनाथ नेपाल**

नत मलाई खुसी मिल्यो नत मिल्यो डाह ।
जति ईर्ष्या भए पनि भन्दिन म आहा ॥

धेरै दुःख नपरोस् है कसैमाथि पनि ।
यस्तै दुःख कति झेलेँ अनुभवी म नि ॥

लेखिएकै पूरा हुन्छ दोष दिनु कसलाई ।
तक्दिरमा छैन भने हुन्न हजुर बललाई ॥

आवेगमा भए होलान् अनेक थरि रिस ।
अप्ठेरोमा पर्दा खेरी फ्याँक्नु हुन्न विष ॥

मरी जाने जिन्दगी हो मान्नु पर्छ डर ।
झुटो कुरा बोल्नु हुन्न बाँच्नु के नै छर ॥

कुनै बेला गल्ती होला पछुताउनु राम्रो ।
यो संसारमा को होला र मान्छे भन्दा चाम्रो ॥

भगवान् माथि विश्वास गर्छु देखावटी छैन ।
मनमा एउटा मुखमा अर्को आजसम्म भइन ॥

कर्मअनुसार धर्म हेर सोहीबमोजिम फल ।
पाइन सुख भन्दै तिमी नरोऊ पल पल ॥

### हामी फौजीहरू



सशस्त्र प्रहरी जवान
**विनोद जिरेल**

संकटमा पहिले हात दिन्छौं हामी फौजीहरू
जीवनलाई रक्षा गर्न आउँछौं हामी फौजीहरू

अग्नि, बाढी, भुईंचालो जहाँ भए पनि
उस्तै जोस, साहस राख्छौँ हाम्मी फौजीहरू

देशको सिमाना होस् या विपद्को क्षण
सधैं खटेर रक्षा गर्छौं हामी फौजीहरू

हिमाल पहाड तकशराई सब एउटै छन्
जनताको सन्तान नै हौं हामी फौजीहरू

त्याग, बलिदानको कथा लेख्नेहरू
धरतीका सच्चा वीर हौ हामी फौजीहरू

### सशस्त्र प्रहरी



सशस्त्र प्रहरी जवान
**रोशन देवकोटा**

अन्धकारमा उज्यालो छर्ने
भयलाई पन्छाउँदै अघि बढ्ने

शान्तिको दीप सुरक्षाको बाटो
सिमानामा दृढ भूकम्पमा बल

बाटोमा जीवन विपत्तिमा हल
जहाँ आवश्यक छ त्यहाँ पुग्छौ

देशको सन्तान कहिले झुक्दैनौ
पसिना चुहाउँदै बलिदान गर्छौं

राष्ट्रलाई रक्षा जीवनभर गर्छौं
यो गाथा हाम्रो अमर रहिरहोस्
सशस्त्र प्रहरी वीर रहिरहोस् ।

### गजल



सशस्त्र प्रहरी सहायक हवल्दार
**महादेव बिसी**

धेरै हतार नगर तिम्रो समय भएको छैन
जबकि आफैसँग मेरो परिचय भएको छैन
म आखिर मात्र मैदानमा उत्रिन लागेको छु
भ्रममा नपर्नु होस दुश्मनको विजय भएको छैन

संघर्ष गर्नकै लागि जन्मिएको मान्छे हुँ
मृत्यु बाहेक कुनै चिज तय भएको छैन
जो एकबाट अनेक हुँदैन म त्यही मान्छे हुँ
जुनबाट पनि जुनको उदय भएको छैन

आँखाले कसरत गरेको छु तिम्रो आँखा हेर्न
मनबाट तिमीलाई आफ्नो बनाउने निर्णय भएको छैन

### ए मेरो बर्दी तिमी कति भाग्यमानी



सशस्त्र प्रहरी सहायक हवल्दार
**जगतराम वली**

ए मेरो बर्दी तिमी कति भाग्यमानी
जसले धारण गऱ्यो त्यही बन्यो वीर जवानी
राष्ट्रको सेवामा समर्पित सधैं यी हातहरू
तिमीले दिएको गर्वले बल्छन् सधैं दीपकको उज्यालाहरू
ए मेरो बर्दी, तिमी कति भाग्यमानी

सिपाहीका पसिनाका बुँदाहरू तिमीले सजाउँछौ
अनि युद्धका मैदानमा शौर्य शक्ति भराउँछौ
रगतको रङले रंगिएको अस्तित्व तिम्रो अभिजित
सधैं रहन्छ गर्वको प्रतीक अमर इतिहासमा सुरक्षित
ए मेरो बर्दी तिमी कति भाग्यमानी

तिम्रो गोरखाली स्वरूपले दुस्मनको हृदय काँप्छ
राष्ट्रको ढोकामा बसेर रक्षा गर्छौं भनी भरोसा राख्छ
जुन दिन युद्धको घण्टी बज्छ, तिमीसँगै सिपाही अघि बढ्छ
अनि तिम्रो आत्मसम्मानसँगै राष्ट्रलाई थप सशक्त राख्छ
ए मेरो बर्दी तिमी कति भाग्यमानी,

ए मेरो बर्दी, तिम्रो महिमा वर्णन गर्न शब्दहरू अक्षम छन्
तिम्रो धैर्यता र बलिदानमा सदा प्रेरणाको श्रोत छन्
राष्ट्रको झण्डा उचाल्न जहाँ जीवन बलिदान गरिन्छ
त्यहाँ तिमीसँगै सिपाहीको आत्मा अभिमानले भरिन्छ
ए मेरो बर्दी तिमी कति भाग्यमानी

### सिपाही



सशस्त्र प्रहरी सहायक हवल्दार
**चन्द्रबहादुर कुँवर**

आमा छु म फौजी घरमा ।
आएको छु म आफ्नो रहरमा ।
थिएन आमा कसैको करकापमा
हरेक वचन राखेको छु मुटुमा छाप ।
परदेश होइन बिरानो लाग्छ किन
सम्झिन्छु घर समाल्दै काट्छु दिन ।
गर्दै छु दुःख सुखलाई भुली
लगाउँछु आमा जिम्मेवारीको काँधमा फुली ।

### सिपाहीको भूमिका



सशस्त्र प्रहरी सहायक हवल्दार
**विष्णुराम भण्डारी**

वश्व सामु चिनेका छौं रहन्छौं साथ साथमा
सिपाही हौं हामी भित्र जिम्मेवारी छ काँधमा
आत्मसात सुम्पेको छौं समर्पित भो यतिकै
दृढ विश्वासीलो हुन्छ राष्ट्र प्रेमी हौं सिपाही ॥

परिवर्तन ऋतुमा देख्नु छ सधैं देखिन्छ
सुगंध फूल फैलियो इतिहासमा लेखिन्छ
गौरव गर्छौं देशमा अस्तित्व हाम्रो रहदाँ
जीवन रहन्छ उच्च सिपाही सधैं सहारा ॥

बुझाई एकै धारमा सहनु धेरै पर्दछ
प्रकोप भयो विनाश सुरक्षामा खटिने छ
लिएका उच्च धारणा अगाडि ज्ञान कुञ्ज छ
अनुभव छ जोसँग मुस्कान मन्द मन्दछ ॥

सधैं हेर्ने वास्तविक दृष्टिकोण सही हुन्छ
बुझेको सुरक्षा गति परिस्थिति आफ्नो हुन्छ
त्यागेको अमुल्य ज्याने महान कार्य रहन्छ
परिस्थिति योग्य व्यक्ति जीवनमा ठहरिन्छ ॥

मिलिजुली कर्म गर्छौं अर्पण सधैं माथमा
सुरक्षार्थ हिंडेका छौं तैनाथ भै ड्युटीमा
सम्बन्ध राष्ट्र प्रेममा सदैव भाव सुधार्नु
खुसीले सधैं हँसिलो सिपाही साथ पुकार्नु ।

### स्वाभिमान सशस्त्र प्रहरी



सशस्त्र प्रहरी सहायक हवल्दार
**जयबहादुर चन्द**

सामना मात्र युद्धको होइन अथाह मेहनत गरी ।
देशको लागि जिउ ज्यान दिने सशस्त्र प्रहरी ॥

आदेशमा चल्छ, काम फत्ते गर्छ, मन मानी नगरी ।
विपद्मा चल्छ निडर व्यक्ति, सशस्त्र प्रहरी ॥

सुरक्षा गर्छ जनताको सधैं उकाली ओराली ।
मान्यता राख्छ संगठनभरको सशस्त्र प्रहरी ॥

थाकेको हुन्छ, बसेको हुन्छ जनतालाई हेरी हेरी ।
भत्किंदा घर दौडेर जान्छ, सशस्त्र प्रहरी ॥

नामले होइन कामले गर्छ, अर्कामा नामसारी ।
सबैको भलो सोचेर हिंड्ने सशस्त्र प्रहरी ॥

युद्धमा लडी शान्तिकाल ल्याउने, भिरेर खुकुरी ।
पुर्खाको झल्को सम्झाई राख्ने, सशस्त्र प्रहरी ॥

देशको माटो बचाई राख्ने काम पाउँछ, घरीघरी ।
आमालाई सम्झी स्वाभिमान राख्ने, सशस्त्र प्रहरी ।

### देशभक्ति



सशस्त्र प्रहरी जवान
**सुदिप चौधरी**

सशस्त्र प्रहरी हुँ अँधेरी रात अनि बर्सात् नभनी हिंड्छु ।
राष्ट्रियता जोगाउन परी आउँदा ज्यानै पनि दिन्छु म ॥

वैरीहरूले मेरो देश नेपालको सीमा मिच्न खोजे भने ।
मातृभूमि छुन दिन्न परी आए बरु आफै छिन्छु म ॥

देशभित्र शान्ति सुरक्षा प्रदान गर्न अहोरात्र खटिंदा ।
एक दुई ढुंगा लागे पनि सहर्ष स्वीकार गरिदिन्छु म ॥

राख्दिन व्यक्तिगत स्वार्थ कुनै, राख्छु केवल राष्ट्रसेवा ।
जहाँ जता पुग्दा पनि मेरो देशकै नाम लिन्छु म ॥

सशस्त्र प्रहरी हुँ अँधेरी रात अनि बर्सात् नभनी हिंड्छु ।
राष्ट्रियता जोगाउन परिआउँदा ज्यान पनि दिन्छु म ॥

### गजल



सशस्त्र प्रहरी नायब निरीक्षक
**टीकाबहादुर अधिकारी**

तन राष्ट्रका लागि मन राष्ट्रका लागि ।
सशस्त्र प्रहरी हुँ समर्पण राष्ट्रका लागि ॥

त्यति चानचुने पनि नसोच्नु होला महोदय ।
मुट्ठी पनि बनाउन सक्छु घन राष्ट्रका लागि ।
इतिहास त्यति धेरै लामा नभएर के भो र ॥

सप्रबलका अनेकौं दृष्टान्त छन् राष्ट्रका लागि ।
लातै लागोस् दुस्मनको गोली मेरै छातीमा ।
सुम्पिएर बसेको छु जीवन राष्ट्रका लागि ॥

### तालिमको महत्व



प्रशिक्षार्थी सशस्त्र प्रहरी सहायक निरीक्षक
**सुनिल ठाकुर**

संगठन र देशको छवी बढाउन
परिवार र समाजको इज्जत राख्न ।
लागेको म तालिममा
मेहनत गरी पसिना बगाउन ॥

पवित्र संस्थाको अधिकृत बनी
ठूलो धर्म मानव उद्धार गरी
अठोट एक उदाहरणीय सशस्त्र प्रहरी बन्नु
राष्ट्रको लागि समर्पण ॥

फौजी भई सिक्दै छु
घर परिवारको माया थाती राखी
कानुनलाई सर्वोपरि मान्दै
अनुशासन सिक्दै छु ॥

बगाएर पसिना तालिममा
बग्ने छैन रगत रणभूमिमा
एउटै आशा अनुशासन र परिश्रममा
विश्वास दृढ छ आफूमा ॥

### सशस्त्र प्रहरी



सशस्त्र प्रहरी सहायक हवल्दार
**विनोद न्यौपाने**

आकाशमा चराचुरुंगीको संगीत बुलन्द छ
भित्र मेरो ब्यारेकको गेट बन्द छ ।
सिमानामा सशस्त्र प्रहरी बस्दछ र त
तिमीलाई आफ्नो आवासमा आनन्द छ ॥

एक्लै बस्न मन लाग्दैन होला तिमीलाई
कहाली लाग्छ होला फेरि ।
तर सबै नेपाली परिवारको ओठमा खुसी
सुखद पल महसुस हुन्छ एक पटक फेरि ॥

राति सीमामा उभिएको त्यो सशस्त्र प्रहरी
सोधिदएनन् कि कोही कसैले ।
चाडपर्वको साइत नै बित्यो ड्युटीमै परी
न जुठो नरोकिएको घरी ॥

खाली निधार हिंड्छन् कठै सशस्त्र प्रहरी
सम्झन्छु सिपाहीलाई निद्रा पर्दैन कि कसो ।
२४ सै घण्टाको ड्युटीले पुग्दैन की जस्तो

शान्ति सुरक्षा प्रतिबद्धताको शपथ गरी
ड्युटीमा बसिरहने छ जीवन भरी ।
द्वन्द्वमा लडाईंमा रगत बगाउँदै
शान्तिमा मैदान परिसरमा पसिना बगाउँदै ॥
विपद्मा ज्यानको पर्वाह नगर्ने
आहा यो कस्तो सशस्त्र प्रहरी

### समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ, बरामद, उद्धार
तथा
अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ आनन्द थापा मगर (संयोजक), सदस्यहरू: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिपेन्द्र खरेल
**कम्प्युटर लेआउट:** सप्रह मनोज कुँवर, **कम्प्युटर अपरेटर:** सप्रह बिमल के.सी., सप्रसह मिनबहादुर हौजाली मगर, **तस्वीर:** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई